नेपाल सरकार
गृह मन्त्रालय
नेपालप्रहरीप्रधान कार्यालय
केन्द्रीय अनुसन्धान ब्यूरो
(प्रशासन शाखा)

फोन: ०१-४५११७७६
मोबाईल नं.: ९८५१२८३१४०

पो.ब.नं.: ४०७
लाजिम्पाट, काठमाडौं।

मिति २०८३/०१/११ गते।
ने.सं.११४६

प्रेस विज्ञप्ती - ६३

"e-Government Procurement System मा अनाधिकृत पहुँच पुऱ्याई ठेक्काका विवरण हेरफेर गरी विद्युतीय कारोबार ऐन, २०६३ अन्तर्गतको कसूरमा संलग्न **थप १ जना अभियुक्त पक्राउ"**

सार्वजनिक खरिद अनुगमन कार्यालय (PPMO) को e-GP (e-Government Procurement) प्रणालीमा अनाधिकृत पहुँच पुऱ्याई बिभिन्न ठेक्काहरूका विवरण हेरफेर (ठेक्काहरूको आर्थिक प्रस्ताव खोल्नु भन्दा अगावै आर्थिक प्रस्तावको डकुमेन्ट परिवर्तन) गर्ने कार्य गरेको उजुरी निवेदनको आधारमा साइबर ब्यूरो भोटाहिटीमा विद्युतीय कारोबार ऐन, २०६३ अन्तर्गतको कसूरमा मुद्दा दर्ता भई उक्त कसूरमा संलग्न **चपुर निर्माण सेवा प्रा.लि. का सञ्चालक** जिल्ला काठमाडौं टोखा न.पा. वडा नं. ४, बानियाटार बस्ने वर्ष ३२ को **अमृत बोहरा**लाई सम्मानित काठमाडौं जिल्ला अदालतबाट पक्राउ अनुमति समेत लिई यस ब्यूरोबाट खटिएको प्रहरी टोलीले मिति २०८३।०१।११ गते का.म.न.पा. ३१ शंखमुल, काठमाडौंबाट पक्राउ गरी हालपरिवर्तन भएको संगठित अपराध निवारण ऐन, २०७० अन्तर्गतको कसूरमा थप अनुसन्धान कार्य भईरहेको।
साथै, उक्त मुद्दामा हालसम्म **७ (सात) जना निर्माण व्यवसायिहरु** समेत गरी **जम्मा १० (दश) जना शंकास्पद व्यक्तिहरु**लाई प्रक्राउ गरी अनुसन्धान कार्य भई रहेको।

प्रवक्ता
शिव कुमार श्रेष्ठ
(प्रहरी वरिष्ठ उपरीक्षक)
सम्पर्क नं.९८५१२९१३११